# आर्थिक वर्ष २०८०।८१ को बार्षिक बजेट

# वक्तव्य

# २०८०

**आमाछोदिङमो गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गोल्जुङबेसी, रसुवा**

आमाछोदिङ्मो गाउँपालिका उपाध्यक्ष चण्डिका तामाङ्ले चौधौँ गाउँसभामा पेश गर्नु भएको

आर्थिक वर्ष २०८०।८१ को बार्षिक

# बजेट वक्तव्य

# २०८०

आमाछोदिङ्मो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङ्बेसी, रसुवा

मिति २०८० असार ८

**सभाध्यक्ष महोदय**

**गाँउसभाका सदस्य ज्यूहरु**

**एवम् सम्पूर्ण आमन्त्रित महानुभावहरु**

१. यस गरिमामय सभामा गाउँपालिका उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०।८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यस घडीमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

२. बजेट तर्जुमा गर्दा मैले मुलतः सभाअध्यक्ष ज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रम, राजश्व परामर्श समितिको सुझाव, विद्वतवर्ग लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यानमा दिएको छु।

३. आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा दलित, अल्पसंख्यक र महिला, बालबालिका, किसान तथा युवाहरुलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

**सभाध्यक्ष महोदय**

**अब म चालु आर्थिक बर्षको आर्थिक गतिविधिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**गत आर्थिक वर्षको यथार्थ आयको विवरण र चालु आर्थिक वर्षको संशोधित अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

४. आर्थिक २०७८।७९ मा वर्षमा गाउँपालिकामा संघीय सरकार, बागमति प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक आय र अघिल्लो आर्थिक वर्षको मौज्दात समेत गरी कुल **चौंतिस करोड पचास लाख छयासी हजार छैसट्ठी रुपैयाँ** यथार्थ आय रहेको व्यहोरा सभा समक्ष जानकारी गराउदछु।

५. चालु आर्थिक बर्षको जेठ मसान्त सम्म **पैंतिस करोड एकचालिस लाख असि हजार पाँच सय असि रुपैयाँ** प्राप्त भएको सभा समक्ष जानकारी गराउदछु ।

**अब म चालु आर्थिक बर्षको आर्थिक गतिविधि, उपलब्धीको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

६. चालू आर्थिक वर्षको हाल सम्ममा कुल आन्तरिक आय तर्फको राजस्व तेइस लाख लाख पन्ध्र हजार नौ सय छयासी रुपैयाँ प्राप्त भएको सभा समक्ष जानकारी गराउँदछु।

७. प्रस्ताव गरिएका अधिकांश योजनाहरुको कार्य सम्पन्न भएको छ भने केहि कार्यक्रमहरु सम्पन्न हुने चरणमा छन्

८. चालु आर्थिक वर्षमा **गतलाङ बुद्धपार्क निर्माणको प्रारम्भिक चरणको कार्य सम्पन्न** हुने गरी कार्य अघि बढि रहेको जानकारी गराउदछु।

९. दन्त सेवा उपलब्ध गराउनको लागि आवश्यक DENTAL CHAIR SET खरिद गरि गतलाङ स्वास्थ्य चौकीबाट सेवा प्रारम्भ हुन लागेको व्यहोरा सभा समक्ष जानकारी गराउन पाउँदा हर्षित छु।

१०. गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रका सडकहरु गतलाङ बजार क्षेत्र, थाम्बुचेत बजार क्षेत्र र गोल्जुङ बजार क्षेत्रका सडकहरु ढलान भई सडक यातायातको सुविधा थप भएको जानकारी गराउदछु।

११. गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा CC Camera जडानको कार्य सम्पन्न भई प्रविधिको प्रयोग मार्फत निरीक्षण तथा सुपरीवेक्षण हुन थालेको जानकारी गराउदछु ।

१२. उच्च प्रविधिको SMART BOARD को प्रयोग मार्फत सामुदायिक विद्यालयहरुमा अध्ययन अध्यापन गर्ने प्रबन्ध मिलाइएको जानकारी गराउदछु ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०८०।८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. उपलब्ध साधन र स्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी विकासको गतिलाई निरन्तरता दिने

ख. आर्थिक विकास, सामाजिक विकास, भौतिक पुर्वाधार विकास र संस्थागत सुशासनका कार्यक्रमहरु मार्फत समृद्ध र सवल गाँउपालिका निर्माणमा सहयोग पुऱ्याउने ।

ग. गुरुयोजनामा समावेस भएका योजना तथा कार्यक्रमहरु छनौट गरी दीगो विकासलाई टेवा पुऱ्याउने ।

घ. गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने

१३. बजेटका प्राथमिकता देहाय अनुसार निर्धारण गरेको छु ।

क. कृषि र पर्यटन क्षेत्रको विकास

ख. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

ग. गुणस्तरिय भौतिक पूर्वाधारको निर्माण

घ. वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन

ङ. संस्थागत क्षमता विकास, राजस्व परिचालन, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष एवम् सभाका सदस्य ज्यूहरु**

अब म आगामी आर्थिक वर्षको अनुमानित आयको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

१४. आगामी आर्थिक वर्षमा यस गाँउपालिकाको लागि संघीय सरकार प्रदेश सरकारबाट वित्तिय समानिकरण, समपुरक र विशेष सशर्त अनुदान, राजस्व बाँडफाँड र गाँउपालिकाको आन्तरिक आम्दानि समेत गरि कुल अनुमानित आय **तिस करोड पैतालिस लाख पच्चिस हजार** रुपैया रहेको छ ।

| **स्रोत समूह** | **बजेटको स्रोत** | **अक्षरमा** | **जम्मा बजेट** |
|---|---|---|---|
| संघीय सरकार | संघीय सशर्त चालु | आठ करोड साठी लाख रुपैयाँ | ८६००००००.०० |
| संघीय सरकार | संघीय समानिकरण | छ करोड नब्बे लाख रुपैयाँ | ६९००००००.०० |
| संघीय सरकार | संघीय सशर्त पुजीगत | छयासी लाख रुपैयाँ | ८६०००००.०० |
| संघीय सरकार | संघीय समपुरक अनुदान | असी लाख रुपैयाँ | ८००००००.०० |
| संघीय सरकार | संघीय विशेष अनुदान | पचास लाख रुपैयाँ | ५००००००.०० |
| संघीय सरकार | संघीय राजस्व बाँडफाँड | पाँच करोड चौबिस लाख उनन्असि हजार सात सय रुपैयाँ | ५२४७९७००.०० |

| | | | |
|---|---|---|---|
| बागमति प्रदेश सरकार | प्रदेश सशर्त | दुई करोड दुई लाख अन्ठाउन्न हजार रुपैयाँ | २०२५८०००.०० |
| बागमति प्रदेश सरकार | प्रदेश समानिकरण अनुदान | त्रिपन्न लाख बयानब्बे हजार रुपैयाँ | ५३९२०००.०० |
| बागमति प्रदेश सरकार | प्रदेश राजस्व बाँडफाँड | एक करोड बत्तिस लाख पचहत्तर हजार आठ सय एकासी रुपैयाँ | १३२७५८८१.६६ |
| बागमति प्रदेश सरकार | प्रदेश समपुरक अनुदान | एक हत्तर लाख पचास हजार रुपैयाँ | ७१५००००.०० |
| बागमति प्रदेश सरकार | प्रदेश विशेष | छयालिस लाख रुपैयाँ | ४६०००००.०० |
| आमाछोदिङमो गाउँपालिका | आन्तरिक आय | अठसट्टी लाख उनन्सत्तरी हजार चार सय अठार रुपैयाँ | ६८६९४१८.०० |
| आमाछोदिङमो गाउँपालिका | अल्या | एक करोड उन्नअसी लाख रुपैयाँ | १७९००००.३४ |
| **जम्मा** | | **तिस करोड पैतालिस लाख पच्चिस हजार** | **३०४५२५०००** |

१५.अब म माथिका क्षेत्रगत प्राथमिकताका आधारमा गाँउस्तर र विषयगत शाखाहरुबाट छनौट भई आएका कार्यक्रमहरुमा विनियोजन भएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६. आर्थिक विकास विना दिगो विकास सम्भव नभएकोले कृषि पशु पर्यटनका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ । गाँउपालिकाको आर्थिक विकासको मुख्य आधार कृषि तथा पशु विकासमा **पचहत्तर लाख रुपैयाँ** विनियोजन गरेको छ ।

१७. **किसानको ध्यान कृषि प्राविधिकको ज्ञान** कार्यक्रम अन्तरगत स्थानीय स्तरमा नै विउ विजन उत्पादन गरी विउ माथिको पर निर्भरता घटाउन कृषि विकास कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा नै विउ उत्पादन गराउन नमुना कृषक, कृषि समूहको छनौट गरी विउ उत्पादन र खरिद गर्नको लागि **पाँचलाख रुपैयाँ** विनियोजन गरेको छ ।

१८. रैथाने बालि गोल्जुङको कालो मुसुरोमा लाग्ने किराले किसानहरुलाई धेरै पिडित बनाएकोले हामी पनि चिन्तित छौं । कालो मुसुरोमा लाग्ने किरा नियन्त्रण र मुसुरो तथा स्थानीय सिमी संकलन गरि बिक्री वितरणको व्यवस्था मिलाउन संकलन केन्द्रको स्थापना गर्न आवश्यक बजेट विनियोन गरेको छ ।

१९. व्यवसायिक रुपमाा नविनतम कृषि कार्य गर्ने कृषक, कृषि समूह, कृषि तथा पशुपंक्षी फर्म, कृषि सहकारीहरुको लागि अनुदानको व्यवस्था गरेको छ ।

२०. कृषि अनुदानको लागि **सोह्र लाख रुपैयाँ** विनियोजन गरेको छ ।

२१. शिक्षा युवा तथा खेलकुद शाखाको लागि **सात करोड एघार लाख रुपैयाँ** विनियोजन गरेको छ ।

२२. सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरुको लागि विद्यालय पोशाक खरिद गर्न **तीसलाख रुपैयाँ** बजेट विनियोजन गरेको छ ।

२३. **विद्यालयहरुमा सिकाईसँगै उत्पादन कार्यक्रम** सञ्चालन गरी आत्मनिर्भर विद्यालय बनाउनको लागि नमुना विद्यालय छनौट गरी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

२४. सिकाई उपलब्धी न्यून भएका विषयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्नको लागि **सात लाख रुपैयाँ** विनियोजन गरेको छु।

२५. स्थानीय मातृभाषामा प्रारम्भिक कक्षामा पढन पाउने विद्यार्थीको अधिकार सुनिश्चतता गर्न मातृभाषी शिक्षक, न्यून दरबन्दी भएका विद्यालयहरुमा थप शिक्षक र महिला शिक्षक तथा कर्मचारी सुत्केरी भई लामो समय विदामा बस्दा हुने शैक्षिक क्षति न्यूनिकरणका लागि सट्टा शिक्षकको व्यवस्था गर्न **उनन्चालिस लाख रुपैयाँ** विनियोजन गरेको छु।

२६. न्यून तलबमा काम गरिरहेका प्रारम्भिक बाल विकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुको मासिक तलब सत्रहजार कायम गर्न **तेत्तिस लाख रुपैयाँ** विनियोजन गरेको छु।

२७. **बालमैत्री विद्यालय प्रविधिमैत्री कक्षाकोठा** निर्माणको लागि **बाह्र लाख रुपैयाँ** विनियोजन गरेको छु।

२८. विद्यालयहरुमा **तेक्वाण्डो तथा कराँते खेल प्रशिक्षण कार्यक्रम** सञ्चालन तथा स्काउट स्थापना गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९. स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री **हाम्रो आमाछोदिङमो** छपाईकोलागि **पाँचलाख रुपैयाँ** बजेट विनियोजन गरेको छु।

३०. स्वास्थ्य शाखाको लागि **तीन करोड एकचालिस लाख अठासी हजार रुपैयाँ** विनियोजन गरेको छु।

३१. **गाउँपालिका भित्रका स्थायी बासिन्दा तथा गाउँपालिका र अन्तरगतका कार्यालयहरुमा कार्यरत कर्मचारी तथा शिक्षकहरु** दुर्घटना या अन्य विरामी भई शल्यक्रिया गर्नु पर्ने अवस्थामा आवश्यक ब्लड खोज्न भौतारिरहनु पर्ने अवस्थालाई अन्त्य गर्न गाउँपालिकाले नेपाल रेडक्रस तथा ब्लड बैंङ्कहरुसँग सम्झौता गरी **निशुल्क ब्लड** उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

३२. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको लागि तालिम, प्रोत्साहन भत्ता तथा अन्य सुविधाको लागि **नौ लाख रुपैयाँ** विनियोजन गरेको छु।

३३. स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने गर्भवती र कुरुवाको लागि खाना र वासको सुविधा सहितको **वेटिङ होमको** व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३४. गाउँपालिका भित्रका प्रत्येक वडामा **सरसफाइमा उत्कृष्ठ हुने टोलका आमासमूहहरुलाई पुरस्कृत** गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३५. **आयुर्वेद औषधी खरिद, घुम्ती शिविर र विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम** सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३६. पाठेघर सम्बन्धी समस्या भई **आङ खस्ने समस्याबाट पिडित आमाहरुको उपचारमा जान र आउनकोलागि निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

३७. **शुन्य होम डेलिभरी कार्यक्रम** अन्तरगत स्वास्थ्य संस्थामा बच्चा जन्माउन प्रेरित गर्नको लागि **घर देखि गाउँपालिका भित्रको पायक पर्ने स्वास्थ्य संस्थासम्म आउन र जान निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउन तथा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई स्थानीय उत्पादन **चोयाको कोक्रो (छाङबु)** सहित त्यसमा आवश्यक न्यानो कपडा उपहार दिन आवश्यक बजेटको प्रबन्ध गरेको छु।

३८. नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकबाट **दीर्घ रोगी पुष्टि भएका विरामीहरुको गाउँपालिकाबाट निशुल्क स्वास्थ्य विमा गराउने कार्यक्रमको** लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. गाउँपालिका स्तरिय गौरवका आयोजना अन्तरगत विभिन्न वडाका सडकहरु ढलान तथा स्तरोन्नति गर्नको लागि **एक करोड सत्तरीलाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।

४०. प्रकोप व्यवस्थापन कोष तथा आर्थिक सहायकता कोषको लागि **बिस लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।

४१. आगामी आर्थिक वर्षमा संघीय समपुरक कोष प्रदेश समपुरक कोष अन्तरगतका आयोजनाहरु सञ्चालनको लागि गाउँपालिकाबाट **एक करोड पैसठ्ठी लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।

४२. **गुणस्तरिय भौतिक पूर्वाधार निर्माणको** लागि आवश्यक औजार तथा उपकरण खरिद गर्न **दश लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।

४३. बर्षातको समय पश्चात बन्द हुने गाउँपालिका भित्रका ग्रामिण सडकहरु खुलाउनको लागि **आवश्यक बजेटको प्रबन्ध** गरेको छु ।

४४.गाउँपालिकाको मागको आधारमा **नेसिङ हुदै सानोहाकु ठूलो हाकु जोडने सडक निर्माणको** लागि संघीय समपुरक अनुदान अन्तरगत **असि लाख रुपैयाँ** बजेट विनियोजन भएको सभा समक्ष जानकारी गराउँदछु ।

४५. गाउँपालिकाको मागको आधारमा **ठुलो हाकु गाउँ नालि व्यवस्थापनको** लागि संघीय विशेष अनुदान अन्तरगत **पचास लाख रुपैयाँ** बजेट विनियोजन भएको सभा समक्ष जानकारी गराउँदछु ।

४६. गाउँपालकिबाट माग भए बमोजिम बागमित प्रदेश सरकारको विशेष सशर्त कार्यक्रम अन्तर्गत **गोल्जुङ खानेपानी आयोजना** निर्माणको लागि **छयालिस लाख रुपैयाँ** विनियोजन भएको सभा समक्ष जानकारी गराउदछु ।

४७.प्रदेश शसर्त कार्यक्रम अन्तरगत गाउँपालिकाबाट माग भए बमोजिम **गोल्जुङ च्यामदोल सडक निर्माण** को लागि **एक हत्तर लाख पचास हजार रुपैयाँ** विनियोजन गरेको छु ।

४८. खानेपानी तथा सरसफाई कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४९.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको तथा पञ्जीकरण शाखाको लागि **चौबिस लाख रुपैयाँ** विनियोजन गरेको छु ।

५०.महिलाहरुको सीप तथा क्षमता विकास गर्न, घरेलु हिंसा, बालबालिकाहरुलाई हुने बाल श्रम शोषण तथा लैङ्गिक हिंसा अन्त्यका लागि चेतनामूलक कार्यक्रम गर्न महिला बालबालिका शाखाको लागि **दश लाख रुपैयाँ** विनियोजन गरेको छु ।

५१. बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि **आवश्यक बजेटको प्रबन्ध** गरेको छु ।

५२. स्थानीय सामाजिक साँस्कृतिक चाल चलनको संरक्षणका लागि विविध कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने स्टेज सहितको टेन्ट खरिदको लागि **अठ्ठाइस लाख रुपैयाँ** विनियोजन गरेको छु ।

५३. महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि आय आर्जन तथा सामाजिक समावेशीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न **आवश्यक बजेटको** व्यवस्था गरेको छु ।

५४.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि **अठार लाख रुपैयाँ** विनियोजन गरेको छु ।

५५. वडाहरुमा विकास निर्माण तथा अत्यावश्यक सेवा तथा कार्यक्रम सञ्चालनको लागि कुल **एक करोड असि लाख पचपन्न हजार रुपैयाँ** विनियोजन गरेको छु ।

**गाँउ सभाका अध्यक्ष तथा सदस्य ज्युहरु,**

५६. कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्न **पाँच लाख रुपैयाँ** विनियोजन गरेको छु ।

५७. गाउँपालिकामा कार्य गर्ने कर्मचारीहरुको हितका लागि प्रोत्साहन स्वरुप खाजा खर्चको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५८. बजेट विनियोजनको विस्तृत विवरण, आय व्ययको विवरण तथा विषयगत शाखाका सम्पूर्ण कार्यक्रमहरु अनुसूचीमा उल्लेख गरेको छु ।

विनियोजन गरिएको बजेटको प्रभावकारी कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको श्रावण महिना भित्र कार्यान्वयन योजना निर्माण गरी योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ । अन्त्यमा गाँउपालिकाको बजेट निर्माणमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि साथीहरु, राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजिवी, सञ्चारकर्मी तथा सम्पुर्ण गाँउवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**